# सूचना सूचना सूचना

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको नोबेल कोरोना भाइरस (कोभिड-१९) दोस्रो लहरको संक्रमणलाई रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७८/०१/०६ को बैठकमा भएको निर्णय तथा नेपाल धितोपत्र बोर्डको मिति २०७८/०१/०७ को निर्देशन बमोजिम यस कम्पनीबाट ग्राहक महानुभावहरुलाई प्रदान गर्दै आईरहेको प्रत्यक्ष जनसम्पर्क हुने सेवाहरु हाललाई अर्को सूचना प्राप्त नभए सम्मका लागि online व्यवस्थाबाट मात्र प्रदान गरिने भएकोले सम्बन्धित ग्राहक महानुभावहरुलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

यस कम्पनीले प्रदान गर्ने online सेवाहरुको लागि थप जानकारी आवश्यक परेमा website:www.nabilinvest.com.np हेर्न वा टेलिफोन नंवर ४४११६०४, ४४११७३३ मा सम्पर्क गरी निम्नानुसारको एक्स्टेण्सन नम्बर डायल गर्नुहोला ।

| शाखा | एक्स्टेण्सन नं | Email ID |
|---|---|---|
| निक्षेप सदस्य (DP) खाता तथा मेरो शेयर सम्बन्धी | ११९, ११५, १५८, १४२ र १२६ | demat@nabilinvest.com.np |
| बोनस तथा लाभांश सम्बन्धी | ११६, १५२, ११७ र १४३ | rta@nabilinvest.com.np |
| शेयर अभौतिकरण सम्बन्धी | १४० | rta@nabilinvest.com.np |
| लगानी व्यवस्थापन सम्बन्धी | १३२, १३३, १३४, १३८, १२५, १३५ र १३० | pms@nabilinvest.com.np |
| मर्केटिङ्ग विभागको लागि<br>अन्य सेवा सम्बन्धी | १४१ र १३९<br>११४ र १५७ | marketing@nabilinvest.com.np<br>info@nabilinvest.com.np |

NABILINVEST
(A Subsidiary of Nabil Bank Ltd.)

**Online मार्फत गर्न सकिने/उपलब्ध हुने सेवाहरु :**

- **निक्षेप सदस्य (Depository Participants)**

**क) डिम्याट खाता खोल्ने सम्बन्धमा**

१. नबिल इन्भेष्टको वेबसाईट https://www.nabilinvest.com.np मा गएर अनलाइन डिम्याट खाता https://onlinedemat.nabilinvest.com.np मा log in गरी नयाँ डिम्याट खाता खोल्न सक्नुहुनेछ । यसरी खाता खोल्दा लाग्ने शुल्क रु. २०० (डिम्याट खाता तथा मेरो शेयर वापतको रकम) कम्पनीको वेबसाईटमार्फत **Online भुक्तानी गर्ने** वा यस कम्पनीको नाममा रहेको नबिल बैंक लिमिटेडको चावहिल शाखा स्थित खाता नम्बर **३५०१०१७५००२३२** मा जम्मा/ट्रान्सफर गरी आफ्नो रिफरेन्स नम्बर सहित दाखिला भौचर/ट्रान्सफर स्लिप demat@nabilinvest.com.np मा पठाउनु पर्नेछ । आफु उपस्थित भै फारम अध्यावधिक गराउने समयमा आफ्नो परिचय पत्र तथा रिफरेन्स नम्बर सहित उपस्थित हुनु पर्नेछ ।

२. माथि उल्लेखित विवरण सहितको इमेल/विबरण तथा शुल्क प्राप्त गरेपछि सो को रुजु गरी यथाशिध्र डिम्याट नम्बर ग्राहक महानुभावहरुको इमेलमा पठाईनेछ । मेरो शेयरको User Name नै खातावालाहरुको डिम्याट नम्बर (Client ID) हुनेछ ।

**ख) मेरो सेयरको सम्बन्धमा**

१. पुरानो हितग्राही खाता हुने ग्राहक महानुभावहरुले नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.को वेबसाईट https://www.nabilinvest.com.np/uploads/download/form/Mero_share%20_online_application_form.pdf बाट फारम Download गरेर पुरा फारम भरी आफ्नो नागरिकता र फारमको Scan Copy सहित demat@nabilinvest.com.np मा इमेल पठाउनु पर्नेछ ।

२. मेरो सेयर Registration गर्न लाग्ने शुल्क रु. ५० कम्पनीको वेबसाईटमार्फत **Online भुक्तानी गर्ने** वा यस कम्पनीको नाममा रहेको नबिल बैंक लिमिटेडको चावहिल शाखा स्थित खाता नम्बर **३५०१०१७५००२३२** मा जम्मा/ट्रान्सफर गरी दाखिला भौचर/ट्रान्सफर स्लिप demat@nabilinvest.com.np मा इमेल पठाउनु पर्नेछ ।

३. नयाँ हितग्राही खाता खोल्न चाहने ग्राहकहरुको डिम्याट खाता संगै मेरो शेयर रजिष्टेशन पनि स्वत: हुनेछ ।

४. माथि उल्लेखित विवरण सहितको इमेल तथा मेरो शेयरको Registration शुल्क प्राप्त गरेपछि सो को रुजु गरी यथाशिध्र मेरो सेयरको Password & Username ग्राहक महानुभावहरुको इमेलमा पठाईनेछ ।

**ग) डिम्याट खाता नविकरणको सम्बन्धमा**

ग्राहक महानुभावहरुले https://onlinedemat.nabilinvest.com.np/Payment/DematRenew मा गई आफ्नो खाता नविकरण गर्न सक्नुहुनेछ ।

**घ) मेरो शेयर नविकरणको सम्बन्धमा**

ग्राहक महानुभावहरुले मेरो शेयरको प्रोफाइल https://meroshare.cdsc.com.np/#/login मा गई Login गरी आफ्नो मेरो शेयर नविकरण गर्न सक्नुहुनेछ ।

**ङ) शेयर रोक्का र फुकुवाको सम्बन्धमा**

सम्बन्धित बैंक तथा वित्तिय संस्थाको आधिकारिक इमेल बाट मात्रै आएका रोक्का तथा फुकुवा सम्बन्धी कार्यहरु गरिनेछ। साथै शेयर रोक्का गर्दा लाग्ने शुल्क यस नबिल इन्भेष्टमेण्ट बैकिंङ्ग लिमिटेडको नबिल बैंक, चावहिल शाखामा रहेको खाता नम्बर **३५०१०१७५००२३२** मा जम्मा गर्नुपर्नेछ र सो जम्मा गरेको रकमको भौचर सहित आवश्यक कागजातहरु smriti.maharjan@nabilinvest.com.np, sujita.adhikari@nabilinvest.com.np वा demat@nabilinvest.com.np मा पठाउनु पर्नेछ।

***सम्पर्क व्यक्तिको नाम : सुमेश वहादुर पाण्डे / सविन भट्टराई***

**सम्पर्क नम्बर:** (४४११६०४, ४४११७३३ एक्स्टेण्सन नम्बर ११९/११५ /१५८)

**च) शेयर कारोबार तथा राफसाफ (DIS Settlement) सम्बन्धमा**

सम्पूर्ण ग्राहक महानुभावहरुले आफूले बेचेको शेयर अनिवार्य रुपमा मेरो शेयरमार्फत राफसाफ (EDIS) गर्नुहुन अनुरोध गर्दछौं। यदि मेरो शेयरको राफसाफ प्रणालीमा समस्या भएमा भौतिक रुपमा DIS settlement ब्रोकर मार्फत मात्र गर्ने व्यवस्था मिलाईएको हुनाले DIS ब्रोकर कार्यालयमै बुझाउनु हुन समेत अनुरोध छ। साथै, यस कार्यालयमा कुनै पनि DIS Cheque भौतिक रुपमा नलिइने जानकारी पनि गराउँदछौं।

**छ) शेयर अभौतिकरण आदेश (DRF) सम्बन्धमा**

हाललाई प्रत्यक्ष रुपमा शेयर अभौतिकरण आदेश (DRF) फारम यस कार्यालय भित्र नलिइने हुनाले सो DRF फारम स्पष्ट रुपमा भरी दस्तखत रुजु हुन सक्ने गरी कम्पनीको सेक्युरिटी गार्डको रोहवरमा कम्पनीको प्रवेश द्वारमा रहेको Drop Box मा खसाल्नु हुन अनुरोध गरिन्छ। यो अति आवश्यक सेवामा नपर्ने भएकोले, अत्यावश्यक अवस्थामा वाहेक, ग्राहक महानुभावहरुलाई स्थिति सहज भएपछि मात्र भौतिक रुपमा यो सेवा लिनु हुन अनुरोध गरिन्छ।

- **शेयर रजिष्ट्रार (Registrar to Shares)**

१. **नगद लाभाशंको हकमा** :- डिम्याट भएको शेयरको डिम्याट खातामा बैंक खाता अध्यावधिक गरेर जानकारी गराउनुहुन। भौतिक रहेको शेयरको हकमा आफ्नो बैंक खाता रहेको बैकमा लाभांश रकम रकमान्तर गरिदिने पत्र rta@nabilinvest.com.np मा इमेल मार्फत उपलब्ध गराउनुहुन अनुरोध गरिन्छ।

२. **बोनस शेयरको हकमा** :- कुनै कम्पनीको बोनस शेयर खातामा गए नगएको फोन (4411733/4411604 ext 116, 117, 152 and 140) मार्फत जानकारी लिन सकिने र नगएकोखण्डमा सम्बन्धित खातामा पठाइदिन rta@nabilinvest.com.np मा इमेल मार्फत जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

३. धितोमा रहेको शेयरको हकमा :- No objection letter rta@nabilinvest.com.np मा इमेल मार्फत उपलब्ध गराउनुहुन अनुरोध गरिन्छ।

***सम्पर्क व्यक्तिको नाम :- चन्द्र भाष डंगोल / मनिषा दाहाल***